Vol. 11 Issue 1, 217-225 Jan. 2026
ISSN 2382-5103
JOURNAL OF DEVELOPMENT REVIEW




# बैरागी काइँलाका कविताहरूमा तेस्रो आयाम

**डा. कान्छी महर्जन**
उपप्राध्यापक, नेपाली विभाग, सरस्वती बहुमुखी क्याम्पस,
लेखनाथमार्ग, काठमाडौं
E-mail : shivasmirti39@gmail.com, ORCID iD : https://orcid.org/0009-0009-9222-520X

ARTICLE INFO

*Reviewed: Feb,20,2026*
*Revised: March,5,2026*
*Accepted: March,20,2026*

**लेखसार**

*पूर्वीय साहित्यमा प्राचीन समयदेखि प्रचलित काव्यले आजको अवस्थासम्म यात्रा गर्दा विविध वाद र प्रयोगहरूबाट हुर्कदैं, पृष्ठपोष र विकसित हुँदै झाङ्गिँदै गरेको अवस्था छ । यसै क्रममा वि.स.२०२० सालमा दार्जिलिङबाट आरम्भ भएको तेस्रो आयामेली आन्दोलन एक नवीन वैचारिक लेखनको रूपमा स्थापित हुन सफल भएको छ । यसै आन्दोलनका त्र्यप्रवर्तकमध्ये यस लेखमा कवि बैरागी काइँलाका कविताको अध्ययन र विश्लेषण गर्दै तेस्रो आयामेली लेखनको मूल मान्यतामाथि प्रकाश पार्ने काम गरिएको छ । हुन त बैरागी काइँलाको सम्पादनमा सन् १९६३ देखि तेस्रो आयाम पत्रिका प्रकाशित भएको थियो । यो तेस्रो आयामेली आन्दोलनको मुखपत्र पनि थियो । आयामेली चिन्तनलाई कवि बैरागी काइँलाले आफ्ना कवितामा उत्कृष्ट व्यावहारिक रूप दिएका छन् भन्ने तथ्य पुष्टि गर्नु नै यस लेखको उद्देश्य हो । यस कुराको अध्ययन गर्न यस लेखमा निगमनात्मक शोधविधिको प्रयोग गरिएको छ । तेस्रो आयामेली सिद्धान्तलाई अगाडि सारेर त्यसबाट निश्चित उपकरणको निर्माण गरिएको छ । आवश्यताअनुसार प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यस क्रममा बैरागी काइँलाका कविताहरूलाई प्राथमिक स्रोत र त्यससम्बन्धी लेखिएका समीक्षा, समालोचनालाई द्वितीयक स्रोतका सामग्रीका रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई व्याख्यात्मक ढङ्गले विश्लेषण गर्दै त्यसलाई विभिन्न शीर्षक र उपशीर्षकमा व्यवस्थापन गरिएको छ । २०२० सालयताका आयामिकतातर्फ उन्मुख कविताहरू र २०२३ सालपछिका आयामिकता वरण गरिएका कविताहरूमा आयामेली लेखनमा मूल मान्यतालाई उत्कृष्ट रूपमा कार्यान्वयन गरिएको छ भन्ने कुरा नै प्रस्तुत लेखको मूल निचोड हो ।*

*शब्दकुञ्जी*
*क्लिष्टता, तात्क्षणिकता, बौद्धिकता, शून्यता, सम्पूर्णता*

*© 2026 Journal of development ReviewSMC All rights reserved*

## १. विषयपरिचय

२०२० सालमा दार्जिलिङबाट थालिएको एक साहित्यिक आन्दोलन आयामेली आन्दोलनका त्र्यस्रष्टा इन्द्रबहादुर राई, ईश्वरबल्लभ र बैरागी काइँला हुन् । पररम्परागत लेखनप्रक्रियाभन्दा भिन्न नवीन चिन्तन, भाषाशैली र दृष्टिकोण राखेर आरम्भ गरिएको यस आन्दोलनले नेपाली कवितालाई भिन्न उचाइ दिएको देखिन्छ । यस लेखमा आयामेली आन्दोलनका तिन हस्तीमध्येका एक बैरागी काइँलाका कविताहरूको विशेष अध्ययन र विश्लेषण गरिएको छ ।

माता सरस्वती नेबाङ र पिता खड्गबहादुर नेम्बाङका सुपुत्रका रूपमा १९९६ साल साउन २५ गते बुधबार का दिन पाँचथर जिल्लाको पौवासारताप गाउँमा बैरागी काइँलाको जन्म भएको हो । बी.ए.सम्मको औपचारिक शिक्षा प्राप्त गरेका यिनले नेपाली

भाषाका साथै लिम्बूभाषामा समेत कलम चलाएका छन् । यिनका बैरागी काइँलाका कविताहरू (२०३१), महागुरू फाल्गुनन्दको उपदेश र सत्यहाङमा भजन माला (धर्म संस्कृति,२०४७), साप्पोक चोमेन (लिम्बू जातिमा कोख पूजा, लिम्बू नेपाली, २०४८), नाहेन मुन्धुम : ईर्ष्या र आँखीडाहीको आख्यान र अनुष्ठान (लिम्बू-नेपाली, २०५१), साम्सोधा मुन्धुम (प्रेतात्माको आख्यान र अनुष्ठान, लिम्बू-नेपाली, २०५१), ससिक मुन्धुम (मोचमार्ने आख्यान र अनुष्ठान, लिम्बू-नेपाली, २०५२), तङसिङ तक्मा मुन्धुम (आख्यान र अनुष्ठान, लिम्बू-नेपाली, २०५२), अन्धा मान्छेहरू र हात्ती (कवितासंग्रह, २०६८) आदि प्रकाशित देखिन्छन् । २020 सालदेखि उनको सम्पादनमा तेस्रो आयाम मासिक पत्रिका प्रकाशित भएको थियो । यसमा प्रकाशित आयामेली रचनाले आयामेली आन्दोलन मलजल गरी उत्कर्षमा पुर्‍याउन महत्त्वपूर्ण योगदान दिएको थियो । २०६६ सालमा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपतिसमेत भएका बैरागी काइँला साझा पुरस्कार (२०३१), गोरखा दक्षिणबाहु दोस्रो (२०५१) लगायतका विविध पुरस्कार र सम्मानबाट सम्मानित भइसकेका छन् ।

मुन्धुमसम्बन्धी दर्जनौँ पुस्तक प्रकाशन गरी लिम्बू-नेपाली भाषा-साहित्यलाई प्राज्ञिक उचाइ दिन सफल बैरागी काइँलाले नेपाली साहित्यमा विशेषत: कविता क्षेत्रमा विशिष्ट योगदान दिएका छन् । सम्पन्न शिक्षित घरमा जन्मेका उनको साहित्यप्रति झुकाव सानैदेखि देखिन्छ । बैरागी काइँलाको औपचारिक नेपाली कविता यात्रा आरम्भ भएको देखिन्छ । मनका भावलाई अक्षरमा माध्यमबाट व्यक्त गर्दा कविता सिर्जना हुने दृष्टिकोण बैरागी काइँलाको छ तर सँगसँगै कविता सरल भइकन पनि रहस्यमय हुन्छ भन्ने तर्क अघि सार्न उनी छुट्याउँदैनन् । यस लेखमा बैरागी काइँलाका कवितामा निहित यही रहस्यमयता र आयामिकताको विविध कोणबाट अध्ययन अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

## अध्ययनको विधि

नेपाली कवितामा २०१७ सालमा रूपरेखा पत्रिकाको प्रकाशनसँगै प्रयोगवादी धारा आरम्भ भएको हो । यसैगरी २०१८ सालमा प्रकाशित फूल पात, पतकरमा ईश्वरवल्लभका साथै बैरागी काइँलाका कविताहरू प्रकाशित हुन थाले । यी कविताहरू चलिरहेको परम्परागत धारभन्दा पृथक् थिए । यिनकै धारबाट अघि बढ्दै जाँदा २020 सालमा आएर आयामेली लेखनको पृष्ठभूमि तयार भएको हो भन्दा फरक नपर्ला । फिनिक्स बुक्सबाट २०७६ मा प्रकाशित बैरागी काइँलाका सङ्कलित कवितामा समावेश कविताहरूमध्ये केही प्रतिनिधि कविताहरू म : लगातार निर्वासन, अस्तित्वको दावीमा साबातको बैला उत्सव, गङ्गा नीलो बग्छु, हाट भर्ने मानिस मातेको मान्छेको भाषण : मध्यरातपछिको सडकसित लिएर तेस्रो आयामेली लेखनका मूल मान्यतालाई अध्ययन गर्ने क्रममा यसलाई यहाँ प्राथमिक स्रोतअन्तर्गतको सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसैगरी तेस्रो आयामेली सैद्धान्तिक अवधारणाका लागि पुस्तकालयीय अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ भने बैरागी काइँलाका सम्बन्ध र उनका कविताका सम्बन्धका लेखिएका समीक्षा, लेख, समालोचनालाई द्वितीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ । यसरी प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीलाई तेस्रो आयामेली लेखनमा निर्वासन र यथार्थवादी चेतना, भाषिक र संरचना विनिर्माण, आदिम मिथकको पुनर्व्याख्या, अनस्तित्व (शून्यता), अस्तित्वको बोध र अस्तित्वकै भ्रामकताको बोध उपकरणका आधारमा विविध शीर्षक र उपशीर्षकमा विश्लेषण गर्दै लेखनलाई अन्तिम रूप दिइएको छ ।

## आयामेली आन्दोलनको सैद्धान्तिक स्वरूप

साहित्य लेखनको धारलाई तत्कालीन राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक घटनाक्रम, वाद, सिद्धान्त

आदिले महत्त्वपूर्ण प्रभाव पार्दछ । २०१७ सालको नेपालको राजनैतिक घटनापछि उत्पन्न हीनता, कुण्ठा, नैराश्य एवम् उकुसमुकुसका भावलाई प्रयोगधर्मी कविहरूले नयाँ नयाँ बिम्ब र शैलीमार्फत् व्यक्त गर्ने क्रममा भएको एक साहित्यिक आन्दोलन तेस्रो आयामेली आन्दोलन हो । "सम्पूर्णता लेखौँ र सम्पूर्णता बाँचौँ" भन्ने उद्घोष गरेर सन् ६० को दशकमा नेपाली साहित्यमा पहिलोपल्ट दार्शनिक मान्यतासहितको तेस्रो साहित्यिक आन्दोलनको आरम्भ भएको हो । यसका मूलभूत सैद्धान्तिक मान्यतालाई रचनामार्फत् स्थापत्य गर्न काइँलाद्वारा सम्पादित पत्रिका तेस्रो आयाम (१९६३) ले महत्त्वपूर्ण भूमिका खेलेको थियो । यसपछि नेपाली साहित्य र सर्जकका बीच साहित्य र साहित्यलेखनसम्बन्धी नयाँ ढङ्गले चर्चा र बहसको थालनी आरम्भ भएको हो । "वस्तुता, सम्पूर्णता, अमूर्तता तथा बौद्धिकता आयामेली लेखनका मूलभूत मान्यताहरू हुन् । तृतीय आयाम (घनत्व) को बोधसित जोडिएको छ सम्पूर्णताको धारणा । त्रैआयामिकतासहितको वस्तु (व्यक्ति, समाज, साहित्य) सम्पूर्णताको हुन सक्छ" (राई, २०७६, पृ.१०) । साहित्य लेखनमा व्यक्ति वा घटनालाई एक दृष्टिले मात्र होइन, बहुपक्षले चित्रण हुनु नै सम्पूर्णता हो भन्ने इन्द्रबहादुर राईको धारणाले प्रप्ट पार्दछ । उनको विचारमा "साहित्यिक लेखनमा वैज्ञानिक सापेक्षताको समेत निर्देश लिइनु सम्पूर्णता लेखनतिर हुन्छ" (राई, २०७६, पृ.११) । तेस्रो आयामलाई वैचारिक तृतीय आयाम पनि भनिन्छ । तेस्रो आयामलाई वाद भन्दा पनि लेखन भन्न रुचाउँछन् इन्द्रबहादुर राई । "कुनै वस्तुको पनि एक बोध मात्र त्यो सबै पूर्ण हुने होइनह बोधहरू विभिन्न हुन्छन् र ती विभिन्न बोधहरूको मोठ हो पूर्ण बोध भन्ने चित्रकलाको क्युबिज्म अर्थात् घनत्ववादबाट एउटा शिक्षा आयामिक लेखन" (चम्लागाञी, सन् २००४, पृ.४३८) । यसका लागि प्रचलित पारम्परिक भन्दा नितान्त भिन्न गाद्यिक द्वैआयामिक भाषाको प्रयोग आवश्यक हुन्छ । आयामेली लेखन नेपाली साहित्यमा नयाँ बौद्धिक चिन्तनको प्रवेश थियो । "यो नितान्त परम्पराभन्दा भिन्न प्रयोग थियो । यसरी आयामिक साहित्यले नैराश्यवादी अथवा पलायनवादी साहित्यलाई गलहत्ती दिँदै जीवनवादी, यथार्थवादी र वैचारिकतापूर्ण साहित्यको सिर्जनातर्फ विशेष जोड दिएको पाइन्छ" (भट्टराई, २०४९, पृ.१५७) । आयामेली लेखनले आदर्शवाद होइन, यथार्थवाद र नैराश्यवाद होइन आशावादी चेतनालाई सञ्चार गरेको पाइन्छ । तात्क्षणिकता, वस्तुता र निर्वैयक्तिकता, अमूर्त लेखन, बौद्धिकताको अन्तर्क्रीडा, भाषिक विनिर्माण, आदिम बिम्ब र मिथकको नवीन पुनर्व्याख्या, अपरम्परित नव शैलीको प्रयोग आदि पनि आयामेली लेखनअन्तर्गत आउँछन् ।

**बैरागी काइँलाका सङ्कलित कविता** (२०७६)

२०३१ सालमा कमल दीक्षित साझा प्रकाशनको अध्यक्ष हुँदा बैरागी काइँलाका कविताहरू प्रकाशन भएको थियो । त्यतिबेला यस पुस्तकले साझा पुरस्कार पनि प्राप्त गरेको थियो । बैरागी काइँलाका सङ्कलित कविता (२०७६) फिनिक्स बुक्सबाट प्रकाशित नयाँ संस्करण हो । यसमा सन् १९६० को अन्ततिरदेखि सन् १९६४ का अन्ततिरका बीच लेखिएका कविताहरू दुई खण्ड गरेर सङ्कलित छन् । खण्ड-एक अन्धा मान्छेहरू र हात्तीमा ब्रेलमा हत्केला छामेर, म, म : लगातार निर्वासन, गङ्गा नीलो बग्छु, म र मेरो कथा बेगल हुन् कविताहरू समाबेश देखिन्छन् भने खण्ड-दुई मातेको मान्छेको भाषण र अन्य कविताहरूमा पर्वत, २७ मई १९ ६४, मातेको मान्छेको भाषण: मध्यरातपछिको सडकसित, एकान्तको अजिङ्गर, अस्पतालको झ्यालमा खसेका सूर्यास्त, विवाहित क्लर्क युवतीका डायरी : अन्य पुरुषमा, साँझ: रेखाचित्र, हाट भर्ने मानिस, अस्तित्वको दावीमा साबातको बैला उत्सव, प्लाञ्चेटको टेबल, अभिशप्त पहाड र अविरल बग्ने लिजियाङ नदी, बाँकी प्रश्नहरू, शरणार्थी विचार र मालीगाउँमा चितुवा,

वाग्मती लहरले उठेर बर्सिदेऊ, यौटा, लैन्डस्केप, चार टुक्राहरू, युगकवि सिद्धिचरणसँग मङ्गलमानको आत्म -बिलौना कविताहरू रहेका छन् । यस्तै गरी खण्ड-तीनमा मेरो हजुरका कविताहरूमा एक रात, फेरि भेटको एक रात, मेरो माया, चिया पिइसकेर उसको घरबाट हिँड्ने बलामा, औँलाहरू चुमेर, कैद छु, अटोग्राफ, मेरो मायाको नयाँ संस्करण, आवरण, सपनाको लास, मेरो वसियत, निर्मम याद, माया र मफलर र सिग्रेट खानु छोडिदेऊ भन्ने उसको अनुरोध : यौटा प्रतिक्रिया कविताहरू संग्रहीत छन् । खण्ड-पाँचमा प्रारम्भिक कविताहरूमा सन् १९५६ देखि १९६२ अवधिभित्रका कविताहरूलाई प्रारम्भिक कविता मानेर प्रारम्भिक कविता शीर्षकअन्तर्गत राखिएको छ । यसमा नवोदित कविसँग, दशैं आयो : समस्यापूर्ति, मेरो कलम, तिहार : समस्यापूर्ति, अमृत-लता, प्रकृतिको रुल् : समस्यापूर्ति, स्पष्टीकरण, केही टुक्राहरू, फ्याँकिएको चिट्ठी, गल्लीका कवितहरू, म मेरो वजनजति मेरो धरतीलाई भार भएको छु, हिँड्नु लागेका सडकहरू जिन्दगीको परिभाषा बन्छ, कोटको कलरमा सिउरिएको फूल देख्दा, सुत्केरी ढुङ्गा : इतिहासको नयाँ सन्दर्भमा, दिउँसो सुत्दाको यौटा प्रतिक्रिया, फूलभित्र ढुङ्गा, पराजयको एक दिन जस्ता कविताहरू संगृहीत देखिन्छन् । यसमा पहिलो सङ्कलनमा छुटेका, सिकारू अवस्थाका कविताहरू/गीतहरू, दोस्रो जनआन्दोलनताका लेखिएका कविताहरू समावेश भएकाले कवि बैरागी काइँला स्वयम् यस सङ्कलनलाई खिचडी पकाएको भन्न मन पराउँछन् । जीवनजगत्का विविध विषयवस्तुलाई समेटेर लेखिएका यिनका यस सङ्कलनमा रहेका केही प्रतिनिधि कविताहरूलाई तेस्रो आयामेली चिन्तनका निर्वासन र यथार्थवादी चेतना, भाषिक र संरचना विनिर्माण, आदिम मिथकको पुनर्व्याख्या, अनस्तित्व (शून्यता), अस्तित्वको बोध र अस्तित्वकै भ्रामकताको बोध उपकरणका कसीमा राखेर अध्ययन गरिएको छ ।

निर्वासन र यथार्थवादी चेतना : म : लगातार निर्वासन

बैरागी काइँलाको जन्म पाँचथर जिल्लाको पौवासार ताप, पढाइकै क्रममा इलाम हुँदै दार्जिलिङसम्मको यात्रा अनि काठमाडौँस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानको कुलपतिसम्मको पदको कार्यभार आदिले गर्दा बैरागी काइँलाले एक प्रकारको लगातार निर्वासित जीवन व्यतीत गरे । यही कुरा उनको कविताको लेखनको विषयवस्तु बन्यो । यसरी हेर्दा बैरागी काइँलामा एक यात्रीको अनुभूति देखिन्छ । यो अनुभूति म : लगातार निर्वासन कवितामा व्यक्त भएको छ ।

बैरागी काइँला सङकलित कविता (२०७६) को खण्ड-एक अन्धा मान्छेहरू र हात्तीअन्तर्गत म : लगातार निर्वासन कविता समावेश रहेको छ । जीवन रहेसम्म यात्रा जारी छ । यात्राका उद्देश्यहरू समयअनुसार फरक-फरक होलान् । जीवनमा सडक छन् र त यात्रा छन् । एक सडकसँग अर्को सडक जोडिएको छ । यात्राले गर्दा नै जीवन निर्वासित छ ।

गाउँबाट सहर बसाइँ, हिँडेर उत्थान र प्रगतिको इतिहास

सभ्यता खुट्टा थुन्छ औँलाहरू मान्छेलाई (पृ.४८)

खोज, अध्ययन, उपलब्धि, उत्थान र प्रगतिका लागि मान्छे यात्रारत हुन्छन् । कवि पनि आफ्नो खोजमा निर्वासित बनेका छन्, यात्री बनेका छन् । जय र पराजय त यात्रीको नियति नै हो । मान्छेको भीडयुक्त जङ्गलमा कवि एक्लै उभिन्छन् ।

आह ! ..होइन कि त आफू

जो थिचेको छु पाइतलाले टेकेर

आफैबाट निर्वासित भएर बित्दछु कि त शताब्दीहरू... (पृ.५३) ।

यही श्लोक अस्तित्वको दावीमा साबातको बैला उत्सव कविता (पृ.१२६) मा पनि पुनरावृत्ति भएको छ । यसअर्थमा हेर्ने हो भने कविको निर्वासन चेत यस कवितामा पनि विस्तारित भएको छ भन्न सकिन्छ ।

उनी यस कवितामा नाचौँ-नाचौँ...आफैभित्र पनि निर्वासनको विरुद्ध (पृ.११८) भन्न पुग्दछन् । जीवन भोगाइ यथार्थ हुन् । यथार्थ यात्रासँग सम्बन्धित हुन्छ भने यात्रा सडकसँग जोडिएको हुन्छ । बैरागी काइँलाका बढीभन्दा बढी निवार्सनमा बितेको थियो । घरपरिवारलाई छाडेर निर्वासित जीवन बिताउनुपर्दा कवि स्वयम् आफूलाई हतभागी ज्यानमाराका रूपमा चित्रित गर्दछन् ।

घरलाई हत्या गरेँ

बाबु आमालाई हत्या गरेको छु

मेरो स्वास्नीलाई हत्या गरेको छु

म : हतभागी ज्यानमारा सन्तुष्ट अझ भइनँ (छु) (पृ.४९) !

असन्तुष्टिले यात्रा जारी रहन्छ र यो यात्रा जीवन रहेसम्म रहिरहन्छ । तेस्रो आयामेली चिन्तनले आदर्शवाद होइन यथार्थ जीवनको चित्रण गर्न मन पराउँछ । जीवन आदर्शमा होइन, यथार्थमा भोग्ने हो । त्यसैकारण बैरागी काइँलाले यस कवितामा आदर्शको खोल च्यातेका छन् ।

वस्तु लगौटी नलगाएको हुन्छ

मान्छेसितको लगौटी फुकालेर भेट हुन्छ

भो अर्थ र आदर्शहरू वृद्धिमा लाम नछेक गेस्टापो (पृ.५०)

वस्तुमा खोल नलगाएको अवस्था यथार्थ रूप हो । यहाँ कविले लगौटीलाई आदर्शका रूपमा लिएका छन् । जब लगौटी फुकालिन्छ, तब मान्छेले यथार्थसँग साक्षात्कार गर्न सक्दछ । आदर्शले टोक्दा जीवन झन् विकृत र विसङ्गतियुक्त हुन्छ ।

भाषिक र संरचना विनिर्माण : गङ्गा नीलो बग्छु र मातेको मान्छेको भाषण : मध्य रातपछिको सडकसित

मातेको मान्छेको भाषण : मध्य रातपछिको सडकसित कविता उनको अन्तिम आयामिक कविता हो । प्रस्तुत कविता बैरागी काइँलाका सङ्कलित कविता (२०७६) खण्ड-एकअन्तर्गत अन्धा मान्छेहरू र हात्तीमा संगृहीत छ । तात्क्षणिक आउने विश्रृङ्खलित अनुभूतिलाई व्यक्त गर्न आयामेली लेखकहरूले सङ्गीत र चित्रकलाका लागि माध्यम बनाएका देखिन्छन् । कविताको शीर्षकमा कविले परम्परागत नेपाली व्याकरणको पालना गरेका देखिँदैन । यसमा कर्ता तृतीय पुरुषको रहेको छ भने क्रिया प्रथम पुरुषकालिक देखिन्छ । यसरी हेर्दा पदसङ्गति मिलेको देखिँदैन । यसप्रकारको भाषिक र संरचना विनिर्माण आयामेली लेखनका मूल मान्यतामध्ये एक देखिन्छ ।

कविताको आरम्भमा नै चित्रकलाको आभास देखिन्छ ।

यात्री -

उ

भि

न्छु

।

चलिरहेको धारबाट नवीन धार शुभारम्भका लागि विद्रोह आवश्यक छ, परिवर्तन आवश्यक छ । यात्री यस नवीन शुभारम्भका लागि विद्रोह गर्दछन् ।

निरीह वञ्चित र शब्दमा जीवित कथानकले पर्खालभित्र छु

न जुत्ता खोलेर

न टोपी फुकालेर

विद्रोहको शुभारम्भ गर्न सक्छ (पृ.५६) ।

यात्री यात्रा कहाँ सजिलो छ र । नयाँ विद्रोहको शुभारम्भ कहाँ सजिलो छ र?

ढुङ्गामा ठोक्केर लड्दै बालुवा टेकेर कुद्छ (पृ.५७) ।

जुनसुकै अवस्थामा पनि यात्रीको यात्रा जारी नै छ । सफलता-असफलता, एक्लो -सामूहिक जेजस्ता अवस्थामा यात्री बगिरहेकै छ ।

थिच्छ कालो निरन्तरताले चिसो छ असफलता

जुत्ता ऐंठन पर्‍यो मलाई ....

जुलुस कुदेर भाग्छु-सक्तिनँ उठ्नु स्वतन्त्र

समग्रले एक्लो स्वतन्त्र (पृ.६०) ।

स्वन्त्रतताको शिलान्यास सालिकले कदापि गर्न सक्तैन । जसमा अस्तित्व चेतना हुन्छ, त्यसले मात्र स्वतन्त्रताका लागि संघर्ष गर्दछ । समयसँगै संघर्ष चरमचुलीमा पुग्दछ, संघर्ष गरिन्छ तर

नीलो उघारेर शून्यले काख दिन्छ

झ्वाम्म पस्दछु (पृ.६१) ।

कति पूर्ण होला ? कति शून्य ? आफू खोजेर हिँडिरहेका यात्री गङ्गाको तीर आइपुगेर उभिएका छन् । गङ्गा बगेर सधैँ लक्ष्यमा पुग्दछ, यात्री लक्ष्यमा कहीँ पुगेनन्, बुद्धिलाई पछ्याएर, तीरका शिलाखण्डझै छाडिएका जहीँका तहीँ (राई, २०७६, पृ.२८) । यहाँ सृष्टिको उषाकालदेखि बग्दै गरेकी गङ्गा र यात्रीको वर्तमान यात्रालाई सम्पूर्ण रूपमा वस्तुताका साथ प्रस्तुत गरिएको छ । जीवनको यथार्थ सारतत्त्वको पूर्णत्वलाई चियाइएको छ । क्रान्तिका रातो कम्बल झर्केर बिरामीलाई पन्साउनु, आवाजले पौडिएर सुनौला माछा सागरमा ऐनाभित्र कुद्छन्, फुत्केर गएको माछोका आलो स्पर्श टाँसिएको छ हत्केलामा जस्ताले यात्राभित्र रहेको बाध्यता, निरीहता र संघर्षका अवस्थालाई साङ्केतिक र चित्रात्मक रूपमा प्रष्ट पारेको छ ।

खण्ड-दुईमा रहेको मातेको मान्छेको भाषण :मध्यरातपछिको सडकसित कविता एक आयामिक कविता हो । २०२० सालको तेस्रो आयामको घोषणापछि लेखिएको यस कवितामा मानवजीवनका वस्तुता र सम्पूर्णताको बौद्धिक अनुभूति व्यक्त गरिएको छ । यसमा विश्वको सङ्कीर्णताप्रति विद्रोहात्मक भाव व्यक्त गर्दै खिइँदै गइरहेको वर्तमान मानवजीवनको वस्तुतालाई समग्रतातिर फर्कन डाक छ ।

आधा रातपछि

रक्सी दोकानबाट म के निस्किएको छु :

प्रत्येक खोंगी र खोरभित्रबाट

पखेटा फटुफटाउँदै विद्रोहको (पृ.८५) ।

अनुदारवादी शासन संयन्त्रले गर्दा यहाँ कवि आधा रातपछि रक्सीको दोकानबाट मातेर निस्केपछि खोरभित्र थुनिएका मानिसहरूको मुक्तिका लागि विद्रोहको क्रान्तिकारी स्वर सुनसान सडकमा व्यक्त गरेका छन् । कविले यहाँ आफ्ना असन्तुष्टि र विद्रोहलाई व्यक्त गर्न मातेको अवस्थाको साहरा लिएका छन् किनकि मातेको मान्छे र बहुला पात्रले बोलेका कुरामा शासकले कुनै सजाय दिन सक्दैनन् । यसैकारण साहित्यकारहरू तात्कालीन अनुदार शासकको पराधीनता र शोषकका विरूद्धमा आवाज उठाउन यस्तै पात्रहरूको सिर्जना गर्दछन् ।

परतन्त्रमा थिचिएर आफ्नो अस्तित्वलाई नचिनेर अचेत पशुझै जीवन बिताएको देख्दा कवि दु:खी हुन्छन्:

मलाई दु:ख लाग्छ :

अझै सुत्दछन् गँडेलाउझैं गुजुल्टिएर

आत्म पराजित मानिसहरू (पृ.८६) ।

आत्म पराजित मानिसहरू अस्तित्व चेत नभएका मानिसहरूका हूल हुन् । यिनीहरूमा रहेको यान्त्रिकता र निर्जीवता देखेर कवि आश्चर्य मान्छन् ।

कोलम्बसको पैतालाले

यस सडकमाथि टेक्न पाउनु पर्छ !

यौटा विद्रोहले यहाँ शिर उचालेर हिँड्न पाउनु पर्छ (पृ.८८) !

नयाँ नयाँ क्षितिज उघार्ने जीवनवादी चेतनाका लागि यहाँ विद्रोहले स्वतन्त्र रूपमा अभिव्यक्त हुनु पाउनुपर्ने विचार कविको छ । विद्रोहले अस्तित्व र जीवनका लागि गरिन्छ । विद्रोहले जीवनमा आशावादी र सकारात्मक भाव सञ्चार गराउने महत्त्वपूर्ण कसी हो । यसैकारण विद्रोहलाई नकारात्मक रूपमा होइन सकारात्मक ढङ्गले व्याख्या हुनु आवश्यक छ ।

अस्तित्वहीन र यान्त्रिकताका साथ बाँचेको जिन्दगीप्रति कविको विद्रोह देखिन्छ ।

फेरिनै आँटेका पूर्जाजस्ता जिन्दगी

काँधमाथि टाउको लतारेर यो सडकमाथि हिँड्छन्

यिनलाई घिसारेर हिँड्दछन्

अनुहार नभएका मानिस, अँध्यारोका खुट्टाले टेकेर

रातरातभरि यो सडकमाथि (पृ.८७) !

कुर्न ऊर्जाविहीन पराधीनताका साथ बाँच्ने जीवनप्रति कविको असन्तुष्टि पनि यसमा देखिन्छ । स्वतःस्फूर्त होइन, बाध्यता र विवशताका साथ घिसारेर बाँचिने जीवनको मानवीय मूल्य र मान्यता हुँदैन । त्यस्ता मानिसको कुनै अनुहार, कुनै परिचय र कुनै अस्तित्व पनि हुँदैन ।

उनी यथास्थितिको विरुद्ध उभिन्छन् । साँघुरो र चेप्टोको विरोध गर्दै उनी यस कवितामा भन्न पुग्दछन् :

यसर्थ म हुकुम गर्दछु :

ए सडक हो !

अझै च्यात्तिदेऊ ...अझै फाट्टिदेऊ...(पृ.८८) ।

समसामयिक युगजीवनमा रहेका विविध विकृति र विसङ्गतिप्रति व्यङ्ग्य हान्दै कविले कविताको अन्त्यमा आशावादी र जीवनवादी दृष्टिकोण अगाडि सारेका छन् ।

जिन्दगीका निम्ति उज्यालै उज्याला मात्र देख्दछौँ (पृ.९०) ।

परम्परित मानसिकतालाई च्यातेर सम्पूर्ण रूपमा अस्तित्वशाली मानव सभ्यताको विकासका पक्षमा कविले आशावादी भाव व्यक्त गरेका छन् ।

आदिम मिथकको पुनर्व्याख्या : अस्तित्वको दावीमा साबातका बैला उत्सव

जीवनका विसङ्गति निस्सारता र नकारात्मकतालाई चिरेर अस्मिताको सकारात्मक र रचनात्मक स्वर बैरागी काइँलाको प्रस्तुत कवितामा व्यक्त भएका छन् । बैरागी काइँलाका सङ्कलित कविता (२०७६) खण्ड-दुई मातेको मान्छेको भाषण र अन्य कविताहरूमा अस्तित्वको दावीमा साबातका बैला उत्सव कविता संग्रहीत छ ।

साबातको बैला उत्सव (बन्ध्यापन वा बाँझोपन निराकरणका निम्तिको चाड) का क्रममा आफ्नो कौमार्य डायनासिस देवतालाई अर्पिई रातभर नाचेर लिङ्गपूजा गर्दै अस्तित्वको गर्भाधान माग्ने मध्यकालीन युरोपेलीका आदिमतापरक आत्मकथनलाई आख्यानात्मक पद्धतिसाथ कवितामा प्रस्तुत गरिएको छ । यसमा हे डायनासिएस !, पुजारिनी ! भनेर सम्बोधन गर्दै आख्यानात्मकताको सृजना गरिएको छ । डायनासिएस ग्रिसका आदिम देवी हो । पूर्वीय सभ्यतामा इसाभन्दा धेरै वर्षअघि ग्रिसमा डायोनिसस देवीको आराधना गर्दै गरिएको नृत्यबाट अभिनयको थालनी भएको मानिन्छ (मल्ल, २०६६, पृ.१९) । यहाँ डायोनिसस देवीको आराधना गर्दै बलिरहेको कुण्ड वरिपरि नाच्दानाच्दै अभिनयको जन्म भएको आदिम मिथकलाई नवीन रूपमा व्याख्या गरिएको छ । यसलाई यहाँ अनस्तित्वको विरूद्धमा नाचिएको नाचका रूपमा पुनर्व्याख्या गरिएको छ । अनस्तित्वका विरूद्ध त्यहाँ नाच नाचिएको छ ।

शून्य ओछ्याएर खाटमाथि

फिलाहरूमा निँद्रा चेपेर जो विस्मृत छौँ,

नाचौँ-नाचौँ ...अनस्तित्वका विरूद्ध (पृ.११७) !

यहाँ शून्यता बाँझोपन हो, अनिस्तत्वको अवस्था हो । यसको विरूद्धमा त्यहाँ नाच भएको छ, याचनात्मक नृत्यानुष्ठान आयोजना भएको छ ।

आफ्नो अस्तित्वका लागि म उनिदिन्छु आफू र चोख्खो बैंस तिम्रो पुरुषमा (पृ.११९) ! कौमार्य दानमा नै अस्तित्वको बीजारोपण हुन्छ ।

शून्यको खपटा फुटाएर

चियाओस् चुच्चो ...अस्तित्वले पृ.११९) !

शून्यता र अनस्तित्वको खपटालाई फुटाएर अस्तित्व चेत अंकुरणको आशावादी जीवनवादी भाव यसले

प्रस्तुत गरेको छ ।

प्रस्तुत कवितामा अनस्तित्वका विरूद्धका अस्तित्वका लागि भएको धार्मिक-सांस्कृतिक अनुष्ठानलाई प्रमुख विषय बनाएको छ । यसमा पूर्वीय तथा पाश्चात्य जगत्का पुराकथा, धार्मिक पौराणिक आदि बिम्ब र मिथकको प्रयोग नवीन रूपमा गरिएको छ जस्तै उन्मत्त भैरव, लक्ष्मण रेखा, पुरोहित लर्ड, गेस्टापो, अश्वत्थामा, आदि । यसरी साङ्केतिक संर चनाभित्र उनेर सृजनशीलताको लागि बैला उत्सवको आयोजनाको पृष्ठभूमि यसमा तयार पारिएको छ । झङ् झङ शब्दको पुनरावृत्तिले कवितामा एक प्रकार को विशेष साङ्केतिक लय तयार पारेको छ ।

अनस्तित्व (शून्यता), अस्तित्वको बोध र अस्तित्वकै भ्रामकताको बोध : हाट भर्ने मानिस

प्रस्तुत कवितामा भाव र चिन्तनका द्वन्द्वात्मक अन्तर्विकासका क्रममा अनस्तित्व, अस्तित्वको र अस्तित्वकै भ्रामकताको तीन क्रमिक चरणहरू व्यक्त भएका छन् ।

अनस्तित्व (शून्यता)को अवस्थाबाट अस्तित्वको चरणमा आउन निकै सङ्घर्ष र समय लाग्यो । काठमाडौको चोभारको शून्य पोखरीलाई आफ्ना तरबारले काटेर मञ्जुश्रीले अस्तित्व बसालिन् । क्षतविक्षत मानवतालाई चिहानबाट उठाएर वागमतीको पानीले भिजाएर सिञ्चित गराएर अस्तित्व सञ्चार गराइयो । मृत प्राय: भइसकेको मानवतालाई वागमतीको जलले पुन: जीवित बनाएको हो । मानवताको उपहास गर्ने धेरै कार्य भयोजस्तो हिरोसिमाको रगतपिच्छे पराजय ।

उफ् ! मुक्ति पनि त्यस्तरी खल्लो र उदास हुन्छ (पृ.१११)।

यस्तो मुक्तिप्रति कविको उदासीनता देखिन्छ, जहाँ मानवताको उपहास गरिन्छ । लाखौ मानवको बलि चढाइन्छ ।

यताउता अल्मलिइरहेका रित्ता गाग्रीहरू गतिहीन
यी हाट भर्ने मानिसहरू
च्याप्प समातेर आँखामा
निहूँ खोज्नू अनि पिटिदिनू
झापट झापटले गीताको (पृ.११४)

संसारमा केही समयका लागि हाट भर्न आएका हामी मानिस अस्तित्वका नाममा अनकौ निहुँ झिकेर गीताको सारलाई बेवास्ता गर्दै खुसी भइरहेका छौँ । यथार्थ कुराप्रति अनभिज्ञ हामी अस्तित्वको भ्रममा परिरहेका छौँ ।

टुक्राटुक्रा जिजीविषा बटुलिइरहेका
अस्तित्व लपेटेर कात्रोको झोलाभित्र,
तर थाहा नै त भएन (पृ.११६) ।

जीवनको सम्पूर्णता मानिसले भोग्न पाएकै छैनन् । मृत्युको लपेटमा लपेटिएको अस्तित्व कहिले शून्यतामा परिणत हुने हो कसैलाई थाहा हुँदैन । अहिले जतातते मृत्युका अनेक रूप हामीमाझ विद्यमान छन् । अहिले अस्तित्वभन्दा शून्यता धेरै सस्तो भइसकेको छ । यसरी यस कवितामा अनस्तित्व विरूद्ध विद्राहशील हुँदै स्मिताको कर्मण्य र त्यसको भ्रामकताबोध कवितामा साङ्केतिक रूपमा आएको छ ।

## निष्कर्ष

तात्क्षणिक विश्रृङ्गलित अनुभूतिलाई सम्पूर्णता र वस्तुतामा बौद्धिकताका साथ पस्कन पक्कै परम्परागत भाषा र शैलीले धान्न नसकेकै कारण आयामेली लेखनमा भाषिक र सांरचनिक विनिर्माण गरियो, यसले पक्कै भाषिक क्लिष्टता ल्यायो । बैरागी काइँलाका कवितामा भाषिक क्लिष्टताको सकस छ । कविताको गहिराइ र बौद्धिकता छाम्न सकस छ । आदिम बिम्ब र मिथकको चुरो पत्ता लगाउन सकस छ तर समुद्रको फैलावट र गहिराइ देखेर तर्सिनेले समुद्रमुनिको मणि भेटाउन कदापि भेटाउन सक्दैनन् । बैरागी काइँलाका कवितामा निहित ती सकसलाई पार गरेर त्यसको गहिराइमा

पुगेपछि त्यहाँ पाइने सारतत्त्व, जीवनबोध, यथार्थबोध आदिबाट कहिल्यै अघाइन्न । समग्रतामा बैरागी काइँलाका २०२० सालयताका आयामिकतातर्फ उन्मुख कविताहरू र २०२३ सालपछिका आयामिकता वरण गरिएका कविताहरूमा आयामेली लेखनमा मूल मान्यतालाई उत्कृष्ट रूपमा कार्यान्वयन गरिएका छन् ।

## सन्दर्भ सामग्रीसूची

गोविन्दराज, भट्टराई (२०४९). काव्यिक आन्दोलनको परिचय. काठमाडौ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

नेपाल, देवी (प्र.सम्पा.) (२०७६). 'मेरो बालापन'. बालप्रज्ञा. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चम्लागाञी, कमल (सन् २००४). 'नेपालीमा पहिलो फ्रायडवादी लेखक को राम्ररी खोज्नुपर्छ'. इन्द्र सम्पूर्ण, सिक्किम : निर्माण प्रकाशन, पृ.४३८-४३९ ।

मल्ल, अशेष (२०६६). सडक नाटक सिद्धान्त, सिर्जना र प्रस्तुति. काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

मुकारुङ, राजन (२०७६). बैरागी काइँलाका सङ्कलित कविता. काठमाडौँ : फिनिक्स बुक्स ।

राई, इन्द्रबहादुर राई (२०७६). 'बैरागी काइँलामा निर्वासन'. बैरागी काइँलाका सङ्कलित कविता. काठमाडौँ : फिनिक्स बुक्स, पृ.९-३० ।